**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् । त्यसैले,
- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

वर्षात् कीरा-फटयाङ्ग्रा, साँप-बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन १३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 28 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२६

## कृषि उत्पादनमा मधेस आत्मनिर्भर बन्छ –मन्त्री क्षत्री

प्रस, वीरगंज, १२ साउन/

मधेस प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री जनार्दन सिंह क्षत्रीले मधेस प्रदेशलाई कृषि उत्पादनमा




आत्मनिर्भर बनाएर कृषि क्षेत्रमा सातवटै प्रदेशमध्ये नमूना बनाउने बताएका छन् ।

मधेस प्रदेश सरकारमा पहिलोपटक मन्त्री बनेका क्षत्रीको स्वागत एवं सम्मानमा नेपाली काङ्ग्रेस, पर्साले पार्टी कार्यालयमा शनिवार आयोजना गरेको कार्यक्रममा मन्त्री क्षत्रीले मन्त्रालयका सचिव तथा निर्देशकहरूलाई कृषिमा क्रान्ति ल्याउनका लागि नयाँ योजनाहरू बनाउन निर्देशन दिएको बताए । उनले आफ्नो कार्यकालमा मधेस प्रदेशलाई कृषिमा सातवटै प्रदेशमध्ये नमूना प्रदेशको रूपमा विकसित गर्ने बताए । उनले कृषिमा मधेस प्रदेशलाई आत्मनिर्भर बनाउनका लागि विभिन्न योजनाहरू ल्याउने पनि बताए ।

नेका, पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मीले मधेसी जनताको सेवा गर्न नेकालाई अवसर पाएको र यो अवसरको बढीभन्दा बढी सदुपयोग गर्न आग्रह गरे । कार्यक्रममा मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा, अशोक गुप्ता, दिनेश चौधरी, नवीन सिंह, मदन यादवलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण उपप्रमुख इम्तियाज आलमले गरेका थिए ।

## वर्तमान सरकारले जनआकाङ्क्षाअनुरूप कार्य गर्ने –केस गुप्ता

प्रस, रौतहट, १२ साउन/

नेकपा एमालेका केन्द्रीय सदस्य अजयकुमार गुप्ताले वर्तमान सरकार अर्थतन्त्र मजबूत पार्न जनआकाङ्क्षा अनुरूप बनेको बताएका छन् ।

रौतहट दृष्टि साप्ताहिकको १७औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा केस गुप्ताले देशको आर्थिक अवस्था खराब हुँदै गएकोले अर्थतन्त्र बलियो बनाउन, विचाराधीन रहेका कानून निर्माण गर्न एमाले अध्यक्ष केपी



शर्मा ओलीको नेतृत्वमा सरकार बनेको र यो सरकारले आफ्नो उद्देश्य पूरा गर्ने दाबी गरे । उनले ओली प्रधानमन्त्री बनेको दिनदेखि शेयर बजारमा उछाल आएर अर्थतन्त्र गतिशील भएको बताए ।

उनले देशको अर्थतन्त्र बलियो भए पत्रकारिता क्षेत्र पनि फस्टाउने बताए । उनले रौतहटको पत्रकारितामा सुधारको लागि स्थानीय पत्रकारहरूको अहम् भूमिका हुनुपर्ने बताए । उनले विभिन्न समयमा यहाँका पत्रकारितामा लाग्ने आरोप-प्रत्यारोपको निराकरण हुनुपर्ने बताए । पत्रकारिता र राजनीति सेवाभावले अगाडि बढ्ने क्षेत्र भएको बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले रौतहटका पत्रकारहरूको अवस्था र कार्यशैलीका विषयमा चर्चा गरेका थिए ।

कार्यक्रममा स्तम्भकार श्रीमन्नारायण मिश्रले सामाजिक सञ्जालबाट गरिने पत्रकारिताले पत्रकारहरूको स्तर घटाएको बताए ।

बज्जिका भाषाका लागि भूमिका निर्वाह गर्दै आएका पत्रकार तथा लेखक सजय साहले पत्रकारिता क्षेत्रमा देखिएका विकृति, विसङ्गतिलाई हटाउन प्रयास गर्नुपर्ने धारणा राखे ।

रेड टेलिभिजनका सञ्चालक जयप्रकाश यादवले स्थानीय तह पत्रकारितालाई बदनाम गराउन लागिपरेको बताउँदै सबै पत्रकार सजग र सचेत हुनुपर्ने सुझाए ।

रौतहट दृष्टि साप्ताहिकका प्रधानसम्पादक शैलेन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी नेपाल रौतहटका अध्यक्ष आदर्श उपाध्याय, दिव्य जागरणका सम्पादक रामएकबाल साहलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्तम्भकार श्रीमन्नारायण मिश्र र पत्रकार एवं साहित्यकार सजय साहलाई जनही रु २५०० र प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रमको सहजीकरण दिनेश यादवले गरेका थिए ।

## बिपी स्मृति दिवसमा वृक्षारोपण

प्रस, वीरगंज, १२ साउन/

नेपाली काङ्ग्रेस, वीरगंज महानगरपालिका-१० वडा कार्यसमितिको आयोजनामा शनिवार बिपी कोइरालाको ४२औं स्मृति दिवसको अवसरमा अशोक वाटिकास्थित शिवपार्वती मन्दिरमा वृक्षारोपण गरिएको छ ।

कार्यक्रममा मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्माले बिपीको विचारधारा पछिल्लो समयमा नेका र बिपीका अनुयायीहरूले छाड्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले बिपीको मेलमिलाप सिद्धान्त पार्टीभित्र आन्तरिकरूपमा नै लागू हुन नसकेको बताए । उनले बिपीका विचारहरूको अनुसरण गरिनुपर्नेमा जोड दिए ।

बुथ सभापति रामनगिना कानूको अध्यक्षतामा भएको कार्यक्रममा राकेश सिंह, क्षेत्रीय सभापति मोहम्मद साहबुद्दीन, महानगर सभापति मणिन्द्रलाल नेपाली,



उपसभापति सन्तोष गुप्ता, मनोहर साह, दीपक साहलगायतको सहभागिता थियो ।

## १० जना महिलासहित ९६ जनाद्वारा रक्तदान

## रक्तसञ्चार केन्द्र, वीरगंज उत्कृष्ट केन्द्र

प्रस, वीरगंज, १२ साउन/

वीरगंजमा शनिवार तीन स्थानमा सम्पन्न रक्तदान कार्यक्रममा १० जना महिलासहित ९६ जनाले रक्तदान गरेको



सम्मानपत्र ग्रहण गर्दै रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख पाण्डेय (बायाँ) । तस्वीरः सौजन्य

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

नेपाल जनता पार्टीले वीरगंज महानगर-६ माईस्थानमा आयोजना गरेको रक्तदान कार्यक्रममा छजना महिलासहित ५५ जनाले रक्तदान गरेका थिए ।




कार्यक्रममा सुदामा देवी, ममता चौरसिया, रेणुका यादव, पूजा यादव, अमरबहादुर विक, अभिषेक गिरी, अमित पाल, बृजेश चौरसियालगायतले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए ।

यसैगरी, नेपाल इन्जिनीयर्स एशोसिएशन वीरगंज केन्द्रले वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजना गरेको रक्तदान कार्यक्रमा २० जनाले रक्तदान गरेका थिए । कार्यक्रममा सुधीर केशरी, वेदप्रकाश कुर्मी, सोन गुप्ता, अन्सुल चौरसिया, प्रभात मण्डल, मनोज दास, चन्दन साहलगायतले रक्तदान गरेको उनले बताए ।

यसैगरी, सत्यसाई मधेस प्रदेशले घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित २१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए । उनले कार्यक्रममा मिक्खा श्रेष्ठ, सरस्वती मानन्धर, रोशनी श्रेष्ठ, रञ्जु पाक्षी, नवीन श्रेष्ठ, राजेश यादव, विनय अधिकारी, सन्तोष साहलगायतले रक्तदान गरेको बताए ।

**वीरगंज केन्द्र उत्कृष्ट**

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाको ५८औं वार्षिकोत्सवमा रक्तसञ्चार केन्द्र, वीरगंज उत्कृष्ट केन्द्रको रूपमा सम्मानित भएको छ ।

कार्यक्रममा रक्तसञ्चार केन्द्र, वीरगंजलाई यस वर्ष २० हजारभन्दा बढी पिन्ट रगत सङ्कलन गरेर बिरामीहरूलाई सेवाप्रवाह गरेकोमा पुरस्कृत गरिएको केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्त सञ्चार सेवाका अध्यक्ष प्रा सुदर्शनप्रसाद नेपाल, केन्द्रीय निर्देशक पवन गुप्ता र उपमहामन्त्री मनोज थापाले रक्तसञ्चार केन्द्र, वीरगंजका तर्फबाट प्राविधिक प्रमुख पाण्डेयलाई सम्मानपत्र प्रदान गरेका थिए ।

## मानिसले अकालमा मर्नु नपर्ने –प्रम ओली

प्रस, वीरगंज, १२ साउन/

प्रधानमन्त्री केपी शर्मा ओलीले विज्ञान र प्रविधिको विकासले मानिसले अकालमा मर्नु नपर्ने बताएका छन् ।

नेकपा एमाले केन्द्रीय कार्यालयमा शनिवार नेत्रप्रसाद गौतमद्वारा लिखित नेत्रका तीन खण्डकाव्य र भूत पिसाचका कथासङ्ग्रह लोकार्पण कार्यक्रममा प्रधानमन्त्री ओलीले विज्ञान प्रविधिको विकासले मानिसलाई लामो समयसम्म बाँच्ने बनाएको बताए । उनले भने, "अबको समय भनेको दीर्घ जीवनको समय हो, स्वास्थ्यका लागि थुप्रै उपचार उपलब्ध छन् ।

अहिलेको युग उहिलेको जस्तो नभएको उनले बताए । उहिलेको जस्तो होइन, यहाँ धेरैलाई चिकित्साशास्त्र पढाइएको छ, अस्पताल खोलिएको छ, स्वास्थ्य उपकरणहरू किनेर ल्याइएको छ, औषधिहरू छन् भन्दै आफू इन्जिनको पार्टपुर्जा फेरे जस्तै दुईपटक मिर्गौला फेर्दा




पनि हट्टाकट्टा नै भएको बताए । यी सबै विज्ञान प्रविधिको विकासका कारण भएको उनले जिकिर गरे ।

उनले साहित्यकार नेत्रप्रसाद गौतम ८० वर्ष पूरा भएपनि अझै धेरै कृति लेख्ने विश्वास व्यक्त गरे ।

नेपाली भूमि साहित्य, कला र संस्कृतिको उर्वर भूमि भएको उनले बताए । प्रम ओलीले नेपाल ज्ञानको उत्पत्ति र विस्तार भएको ठाउँ रहेको दाबी गरे । अनुभवहरू परिष्कृत भएपछि ज्ञान बन्ने उनको भनाइ थियो ।

## विचारसार र सूक्तिहरू

**सुनेको कुरामा तुरुन्तै विश्वास नगरी हाल । किनकि झूटको गति सत्यभन्दा निकै तीव्र हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नवजागरणको प्रभातबेला

व्यक्तिको आन्तरिक उत्कृष्टताको आधारमा यो सुनिश्चित हुन्छ कि ऊ कति सुखी रहन्छ र आफ्नो सम्पर्क क्षेत्रलाई शान्ति एवं प्रगतिबाट कसरी लाभान्वित पार्छ । परिस्थितिहरू मन:स्थितिका प्रतिक्रिया मात्र हुन्, मानिस त आफ्नो भाग्यको निर्माता आफैं हो । यस सनातन तथ्यलाई कसैले पनि आफ्नो चिन्तन र चरित्रका अनुरूप उत्थान र पतनको अवसर प्रस्तुत गर्दै देख्न सक्दछ ।

यसै आधारमा वर्तमानका विभीषिकाहरू निरस्त र भविष्यका उज्ज्वल सम्भावनाहरू साकार हुन्छन् । निस्सन्देहरूपमा यदि मानिसको अन्तरात्मालाई जाग्रत गर्न सकियो भने सुख-शान्तिको समग्रताले परिपूर्ण नवसृजन एवं युग परिवर्तनको आधार तयार हुँदै जान्छ ।

यसै पृष्ठभूमिमा युगान्तरीय चेतना प्रकट र प्रखर भइरहेको छ । वातावरणको विषाक्ततामा सन्देह छैन, तर पनि मानव अन्तरात्मा यति समर्थ छ कि अँध्यारोको दबाबले उसलाई मूर्च्छितसम्म पार्न सक्छ-आत्यातिक हनन गर्न सफल हुन सक्दैन ।

भयानक ग्रीष्ममा धरतीको घाँस सर्वत्र सुक्दछ तर पनि त्यसको जरामा अमृत-तत्त्व विद्यमान रहन्छ । जसै बादल बर्सन्छ, देख्दादेख्दै सुकेको जरा पलाउने र धरतीमा मखमली दरी फैलँदै जान्छ । पतनोन्मुखी गुरुत्वाकर्षण निश्चतरूपमा प्रबल छ, त्यो उत्थानलाई पतनमा परिणत गर्न सतत संलग्न रहन्छ, तर पनि ऊर्ध्वगमनको प्रक्रिया निराश हुँदैन । आगोको लपटा माथि नै उठ्छ, पृथ्वीको गुरुत्वाकर्षणले यसलाई पराभूत पार्न सक्दैन ।

यस शाश्वत सिद्धान्तले आजको विषम बेलामा आफ्नो प्रमाणिकताको परिचय दिन अग्नि परीक्षाबाट गुज्रन स्वीकार गरेको छ र भनेको छ-ध्वंस होइन, सृजन जीवन्त छ; असत्य होइन, सत्य प्रबल छ ।

नियन्ताको समर्थन पतनको होइन, उत्थानका साथ छ । अन्धकार कतिकै सघन वा विस्तृत किन नहोस्, त्यसलाई दियोको सानो धिपधिपले चुनौती दिइरहन्छ । यस्तोमा परिस्थितिको विषमता देखेर सृजनको मुख मलिन हुने कुनै कारण छैन ।

नवजागरणको यस प्रभात बेलामा अचेल सर्वत्र नयाँ ढङ्गले सोच्ने र नयाँ क्रम अँगाल्ने हतारो दृष्टिगोचर भइरहेको छ । सघन तमिस्रामा गहिरो निद्रा लागोस् र प्राणी मृतवत् भइरहोस् यसमा कुनै आश्चर्य छैन, तर जब सूर्यको प्रखरता बढिरहेको हुन्छ र गतिविधिहरू आँधीको गतिशीलतामा क्रियान्वित भइरहेको हुन्छ भने प्रमादी मानिस पनि ओढ्ने ओढेर निष्क्रिय सुतिरहन सक्दैन ।

स्वयं नउठ्नेलाई समयले ब्युँझाइदिन्छ । कसैले केही गर्न चाहेन भने पनि परिस्थितिले केही गर्न विवश पारिदिन्छ । अचेल केही यस्तै भइरहेको छ । जागरणको समय, शरीरगत सक्रियतामा होइन, मनोगत विचार-मन्थनमा पनि प्रकट र प्रखर भइरहेको छ । चिन्तनले विगत समयदेखि एउटा नयाँ दिशा पाएको छ । जबकि पछिल्लो दिनमा पेट भर्नु मात्र प्रमुख थियो ।

लोभले प्रमुखता पाएको छ र विलास एवं सञ्चयलाई नै सौभाग्यको पहिचान ठान्न थालिएको छ, तर आज यस्तो रहेन । जीवन्तहरूमध्ये प्रत्येकले यो सोच्नुपरेको छ कि उसले पनि केही गर्नुपर्छ । समयका साथ हिंड्नुबाहेक के उसको कुनै निस्तार सम्भव छ ?

**त्यो महानता आखिर हो के, जसले व्यक्तित्व विशिष्टतायुक्त एवं वर्चस्व वैभवसम्पन्न बन्दै जान्छ ? यसको एउटै उत्तर छ, समष्टिको साधना, लोकसेवा, जन-कल्याण । यसलाई अँगाल्ने एउटै उपाय छ, स्वार्थलाई परमार्थका निमित्त विसर्जित गर्नु ।**

यो अन्त:मन्थले तिनलाई विशेषरूपले बेचैन पारिरहेको छ, जसलाई मानवीय आस्थाहरूले अहिले पनि आफू जीवन्त हुने प्रमाण दिएका छन् र केही सोच्न-गर्नका लागि झक्झकाइरहेका छन् । उनीहरूले सोच्नुपर्छ कि परिवर्तनले भरिएको यस युगसन्धिमा त्यसैगरी रहन सकिन्न, जस्तो पछिल्ला दिनमा भइरहेको थियो ।

अचेल न समयको मागलाई बेवास्ता गर्न सकिन्छ न आत्माकै पुकारलाई धेरै बेरसम्म दबाउन सकिन्छ । विनाशसँग जुझ्ने र विकासका लागि सोच्न जब जागरुकहरूको सेना कम्मर कसेर अग्रगामी भइरहेको छ, प्रयोगको शंख-ध्वनिले दिगन्त गुँजिरहेको छ भने मुख लुकाएर बस्नु सरल छैन । लोक-भर्त्सनाबाट कुनै उपायले बच्न सकिएला, तर आत्म-प्रताडनाबाट कसरी मुक्ति पाइन्छ ?

यो एउटा अद्‌भुत समय हो, जसमा व्यक्ति एवं समाजको समानरूपले हित-साधन हुनेछ, जसमा आत्मा र परमात्मा समानरूपले सन्तुष्ट हुने अवसर छ । महानताको बाटो यस्तो छ; जसमा वाहनको सहाराले होइन, आफ्नै खुट्टाले हिंड्नुपर्छ । जसले त्यति साहस बटुल्छ, तिनका लागि लक्ष्यको हरेक विराममा अपेक्षाकृत अधिकाधिक आनन्दको सामग्री प्राप्त हुँदै जान्छ ।

प्रगतिको प्रत्येक पाइलामा पहिलोभन्दा बढी प्रसन्नताको स्थिति उपलब्ध हुन्छ । व्यष्टिलाई क्षुद्र र समष्टिलाई महत् भनिन्छ । विराट् नै ब्रह्म हो । सङ्कीर्ण स्वार्थपरताको हिलोमा मुछिएको व्यक्तिवाद नै भव-बन्धन हो । यसमा लतारिएको मानिस कुम्भीपाक नर्कमा कुहिनेजस्तो कष्ट प्राप्त गर्छ ।

भनिन्छ एउटा यस्तो पनि नर्क छ जहाँ घैंटोमा बन्द भएर कष्ट सहनुपर्छ । यो कुम्भीपाक व्यथा अरू केही होइन, व्यक्तिवादी सङ्कीर्णतामा आबद्ध भएको उकुसमुकुस मात्र हो । पेट र प्रजननमा लिप्त मानिस सोच्दछ कि ऊ अरूको तुलनामा निकै बाठो छ ।

लिनु सबैसँग, दिनु कसैलाई पनि होइन भन्ने नीति आकर्षक त लाग्दछ, बठ्याइँपूर्ण पनि, तर वास्तविकता केही अर्कै छ । यस्ता मानिस अत्यधिक घाटामा पर्छन् । आत्मसन्तोष, लोकसम्मान र दैवी अनुग्रहका तीनै महान् लाभबाट उनीहरूले सर्वथा वञ्चित हुनुपर्छ, र प्रगति पनि सीमित क्षेत्रमा मात्र सम्भव हुन्छ ।

बाठा मानिसहरूको अचेल भरमार छ । बुद्धिमानहरूको दर्शन दुर्लभ छ । बुद्धिमत्ताको निर्धारण र निर्देशन एउटै छ कि महानताको मार्ग अँगालौं । यसमा किसानले बीउ छर्न, उद्योगीले कारखाना लगाउन, विद्वानले अध्ययन गर्न समय खर्चनुपर्छ । लाभदायक प्रतिफल प्राप्त हुने हुँदा यो आरम्भिक विनियोग कुनै पनि दृष्टिले घाटाको व्यापार होइन ।

महानताको वृक्षारोपण केही समयमैं कल्पवृक्षको नन्दनवनजस्तै फल्छ-फुल्छ । तत्काल यस्तो होस् भन्ने आतुरताले हत्केलामा तोरी उमार्ने बाजीगरीको कुचक्रमा फस्नु र जञ्जालमा भौंतारिनुबाहेक अरू केही हात लाग्दैन ।

महानता अवलम्बन गरेर असङ्ख्य मानिस क्षुद्र परिस्थितिमा जन्मेर-हुर्केर पनि आफ्नो विशिष्टताको आधारमा उच्च स्थितिमा पुगेका छन् र यशस्वी बनेका छन् ।

यी उदाहरणहरूबाट एउटै मात्र निष्कर्ष के निस्कन्छ भने महानता उद्यान लगाउनुजस्तै हो, जसले आरम्भमा परिश्रम र साधना खोज्छ, तर समय अनुसार सुरभि र सम्पदाको उभयपक्षी अनुदान उत्साहवर्द्धक मात्रामा प्रदान गर्छ ।

त्यो महानता आखिर हो के, जसले व्यक्तित्व विशिष्टतायुक्त एवं वर्चस्व वैभवसम्पन्न बन्दै जान्छ ? यसको एउटै उत्तर छ, समष्टिको साधना, लोकसेवा, जन-कल्याण । यसलाई अँगाल्ने एउटै उपाय छ, स्वार्थलाई परमार्थका निमित्त विसर्जित गर्नु ।

यस दुस्साहसलाई जसले जति मात्रामा क्रियान्विछ गर्न सक्छ, ऊ त्यति नै अनुपातमा आफूलाई बुद्धिमान् एवं भाग्यवान् अनुभव गर्छ । परिणामको धैर्यपूर्वक प्रतीक्षा गर्न सक्नेहरू आफ्नो अनुभव एक स्वरले यही सुनाउँछन् कि समष्टिको सेवा-साधनाभन्दा ठूलो लाभदायक उद्योग यस संसारमा अरू केही छँदैछैन ।

यसलाई अँगाल्दा स्वार्थ र परमार्थको उभयपक्षीय पूर्ति सहज हुन्छ । यस युगसन्धिको ऐतिहासिक बेलामा दूरदर्शिता र सदाशयताको संयुक्त माग एउटै छ कि अचेल सङ्कीर्ण स्वार्थपरतामा अंकुश लगाइयोस् र जुन उब्रन्छ, त्यसलाई नवसृजनको पुण्य-प्रयोजनमा भावनापूर्वक लगाइयोस् ।

धनको अभाव हुन सक्छ, तर श्रम, समय एवं मनोयोगको कसैसँग कुनै कमी हुन सक्दैन । आवश्यकता वैयक्तिक जन्जाललाई केही हलुको पार्नुमा छ, जसले त्यस बचतलाई ती परमार्थ प्रयोजनमा लगाउन सकियोस्, जुन नवसृजनको यस महापर्वमा मानवीय सभ्यता-संस्कृतिको संरक्षण-संवर्द्धन हेतु अभीष्ट छ ।

# प्रभावकारी मौद्रिक नीति दिगो अर्थतन्त्रको औजार


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अर्थतन्त्रका बाह्य आयाम सकारात्मक बन्दै गए पनि आन्तरिक बजारले गति समात्न नसकेपछि राष्ट्र बैंकले यो उपाय गरेको हो । राष्ट्र बैंकले यस अघि लिएका शेयर कर्जाको सीमा, चालू पूँजी कर्जा मार्गदर्शन, कालोसूचीका प्रावधानलगायत पक्षमा लचिलो नीति लिएबाट बजार उत्साहित भएको छ ।**

बितेका २ वर्ष खुम्चिएको अर्थतन्त्रका आयामहरू नेपाल राष्ट्र बैंकले जारी गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिले लयमा ल्याउने अपेक्षा गरिएको छ । तर, खुकुलो मौद्रिक नीतिले बढाउने मुद्रा प्रदायका कारण अनुत्पादक क्षेत्रमा लगानी बढ्ने र उत्पादन अपेक्षित नबढ्दा तरलता र उपभोक्ता मूल्यमा पर्न सक्ने चापमा भने सरकार र नियामकीय भूमिकामा रहेका निकायहरू सचेत हुन आवश्यक छ । बजेटले राजस्वको खर्चको प्रतिविम्ब देखाउँछ भने मौद्रिक नीतिले बजारमा नगद प्रवाहलाई कसरी प्रभावकारी र व्यवस्थित बनाउने भन्ने उद्देश्य राखेको हुन्छ । बजेट आएलगत्तै केन्द्रीय बैंकले बजेटको उद्देश्य प्राप्ति सहज हुनेगरी नीति पेश गर्ने अभ्यास छ । यसलाई वित्तीय व्यवस्थापनलाई चलायमान र सन्तुलित बनाएर महँगी नियन्त्रणमा राख्ने उपकरणको रूपमा लिने गरिएको छ । वित्तीय स्रोत महत्त्वपूर्ण स्रोत हो । उत्पादन, रोजगार र वित्तीय स्थायित्वमा कसरी प्रयोग गर्न सकिन्छ ? यसको समाधान दिने काम मौद्रिक नीतिको हो ।

कोरोना महामारीयता अर्थतन्त्रमा अस्वाभाविक आरोह-अवरोह देखिएको छ । धेरै हदसम्म भारतीय अर्थतन्त्रबाट प्रभावित हाम्रो अर्थतन्त्रमा त्यस यता भारतीय अर्थतन्त्रमा देखिएका सकारात्मक कुराहरूको प्रभाव भने देखिन सकेको छैन । यो भनेको सरकार र नियामक निकायहरूको नीतिगत असफलताको प्रमाण हो । सरकारको मुख्य आर्थिक सल्लाहकार मानिएको नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्याइसकेकोले सावधानीपूर्वक यसको कार्यान्वयन गर्नु अहिलेको आवश्यकता हो । विगतमा बजेट एकातिर मौद्रिक नीतिका व्यवस्था अर्कातिर हुँदा अर्थतन्त्र डामाडोल भएकोमा विवाद आवश्यक छैन । कहाँसम्म भने अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक एकअर्काका प्रतिद्वन्द्वीको रूपमा प्रकट भए । यी तिनै गभर्नर हुन्, जसले सर्वोच्च अदालतबाट आफ्नो पद थमौती गराएर राष्ट्र बैंक फर्केका थिए । सरकार र राष्ट्र बैंकको नेतृत्वबीच समन्वय र सहकार्य हुनुपर्नेमा यो हदसम्मको तिक्तता नै समकालीन अर्थतन्त्रको लय बुझ्न पर्याप्त हुन्छ ।

मौद्रिक नीतिले भारतीय बजारको मुद्रास्फीतिलाई आधार मानेर सरकारले आर्थिक वर्ष २०८१-८२ मा नेपालको मुद्रास्फीति ५ प्रतिशतको हाराहारीमा रहने र ६ प्रतिशतको आर्थिक वृद्धिदरलाई सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रमा जोड्ने भनेको छ । यसबाट सरकार, खासगरी अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच समन्वय बलियो बन्दै गएको प्रमाणका रूपमा बुझ्न सकिन्छ । राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई कर्जाको ब्याजदर पनि घटाएको छ । बितेको वर्ष निजी क्षेत्रमा कर्जा ५ प्रतिशत मात्रै भएको अवस्थामा चालू वर्षमा १२.५ प्रतिशतले बढाउने भनिएको छ । यसले पैसा अनुत्पादक क्षेत्रमा जाने र तरलतामा चाप पर्ने, जसका कारण ब्याजदर उकालो लाग्ने जोखिमप्रति पनि सतर्क हुनुपर्दछ । यसबाट आपूर्ति शृङ्खला सङ्कुचित भई मूल्यवृद्धि बढ्न पनि सक्दछ । तर, यस्तो रकम उत्पादनशील क्षेत्रमा गयो र वस्तु तथा सेवामा आपूर्ति बढ्न गएमा मूल्यवृद्धिमाथिको दबाब कम हुन सक्दछ ।

चालू वर्षको मौद्रिक नीतिले कर्जाको किस्ता तिर्न नसकेर समस्यामा परेका निर्माण क्षेत्रका उद्योगी व्यवसायीदेखि शेयर लगानीकर्ता र बढ्दो खराब कर्जाको कारण दबाब खेपिरहेका बैंकहरूसमेत सबै पक्षलाई राहत दिने उद्देश्य राखेको भान हुन्छ । यसको दूरगामी प्रभावमा भने राष्ट्र बैंकले चनाखो भएर सामञ्जस्य मिलाउनुपर्ने हुन्छ । अर्थतन्त्रका बाह्य आयाम सकारात्मक बन्दै गए पनि आन्तरिक बजारले गति समात्न नसकेपछि राष्ट्र बैंकले यो उपाय गरेको हो । राष्ट्र बैंकले यस अघि लिएका शेयर कर्जाको सीमा, चालू पूँजी कर्जा मार्गदर्शन, कालोसूचीका प्रावधानलगायत पक्षमा लचिलो नीति लिएबाट बजार उत्साहित भएको छ । यो उत्साहलाई कसरी उत्पादन र दिगो अर्थतन्त्रका सरोकारहरूसँग जोडने यसमा राष्ट्र बैंक, सरकार र निजी क्षेत्रबीच इमानदार सहकार्य वाञ्छनीय हुन्छ ।

राष्ट्र बैंकले लचिलो नीतिमार्फत कर्जा प्रवाह वृद्धि गरी बजार चलायमान बनाउने उद्देश्य लिएको अवस्थामा यसमा सहभागी हुने सबै पक्ष इमानदार हुन आवश्यक छ । नीति सार्वजनिक गर्दै राष्ट्र बैंकका गभर्नरले भनेका पनि छन्, मौद्रिक उपायले मात्र अर्थतन्त्र चलायमान बनाउन सकिंदैन, यसले उल्टो जोखिम निम्त्याउँछ । तर, हामीले सकेसम्म लचकता अँगालेका छौं । उनको यो भनाइले पनि यसमा अर्थतन्त्रका सरोकारहरूका पक्षहरूबीच व्यापक सहकार्यको खाँचो रहेको प्रस्ट बुझिन्छ । खुकुलो परिस्थितिलाई उद्देश्यविपरीत अनुत्पादक काममा दुरुपयोग गर्न थालियो भने त्यो जोखिमको नयाँ अध्याय हुनेछ । वित्तीय स्थायित्व कायम हुनेगरी काम गर्नुपर्दछ । यसका लागि उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तरीय सुधारमा केन्द्रित हुन जरुरी छ ।

चेक अनादरलाई आधार मानी कालोसूचीमा राखेर बैंकिङ कारोबारमा बन्देज हुने व्यवस्था सुधार, संस्थागत शेयर लगानीकर्ताका लागि तोकिएको २० करोडको कर्जा सीमा हटाइनु, चालू पूँजी कर्जा मार्गदर्शन कार्यान्वयनको समयसीमा २०८२ असारसम्म पुऱ्याइनु, निर्माण क्षेत्रको पुनर्स्थापनका लागि राहतका कार्यक्रमसँगै कर्जा तिर्ने अवधि २०८१ मङ्सिरसम्म थप गरेको छ । वर्तमान सरकार बनेदेखि नै उत्साहित भएका शेयर लगानीकर्तालाई यो नीतिले अझ आत्मबल दिने देखिन्छ । यो उत्साह पानीको फोकाजस्तो नहोओस् भन्नेमा पनि ध्यान दिन जरुरी छ । विदेशी मुद्राको सहटीमा सहजीकरणले पनि सहजता ल्याउन सक्ने देखिन्छ । विगतको कसिलो मौद्रिक नीतिको विकास साझेदारहरूले प्रशंसा गरेकोमा अहिलेका लचिलो अवस्थाले ती निकायको दृष्टिकोणमा परिवर्तन हुने जोखिम भने देखिएको छ । विगतका २ वर्ष अनुदार छवि बनाएका गभर्नरले आफ्नो कार्यकालको उत्तरार्धतिर उदार नीति ल्याएका छन् । यसको कार्यान्वयन के कसरी अगाडि बढ्ने हो र यसका जोखिमहरूलाई कसरी सन्तुलित बनाइने हो, त्यो भने हेर्न बाँकी छ ।

अघिल्लो प्रचण्ड सरकारका अर्थमन्त्री वर्षमान पुनले ल्याएको बजेटका केही प्रावधानमा देखिएको अन्तर्विरोधबाहेक समग्रमा छरितो, योजना र उद्देश्यमुखी बजेटको रूपमा लिइएको अवस्थामा अहिलेको उदार भनिएको मौद्रिक नीतिको समुचित संयोजन हुन सक्यो भने अर्थतन्त्रमा सुधारका आयमहरू विस्तार हुनेमा आशावादी हुन सकिने ठाउँ छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७७-७८ र २०७८-७९ मा लिएको लचिलो तथा विस्तारकारी मौद्रिक नीतिले नगद प्रवाह वृद्धि भई अर्थतन्त्र चलायमान भए पनि घरजग्गा, शेयर, उपभोग्य वस्तु आयातलगायत क्षेत्रमा लगानी बढेकै हो । यी क्षेत्रलाई अनुत्पादक भनेर सरकारले वर्ष २०७९-०८० र २०८०-८१ मा कसिलो मौद्रिक नीति लियो । एक समय त्यही क्षेत्रलाई सहजीकरण गर्ने, छोटै समयान्तरमा त्यही क्षेत्र व्यापक अनुत्पादक हुने नीतिगत दृष्टिकोण नै गलत छ । अहिले पनि सजगतापूर्वक लचिलो मौद्रिक नीति भनिएको छ । यो नीतिको प्रभाव यसको सहजगतापूर्वक कार्यान्वयन कस्तो हुन्छ ? विगतमा झैं दिनहुँ एउटा न एउटा निर्देशनले कस्ने काम भयो भने नीतिको अर्थ रहँदैन । आर्थिक सरोकारका विषय र नीतिमा एउटा खास समयसम्मका लागि स्थायित्व भएन भने त्यसले अर्थतन्त्रलाई गति दिने होइन कि स्वाभाविक गतिलाई बिथोल्ने काम बढी गर्दछ ।

# स्मार्टफोन, हेडफोन र चार्जर खरीदमा बाहिरियो ३१ अर्बभन्दा बढी

काठमाडौं, १२ साउन/रासस

गत आर्थिक वर्ष २०८०/८१ मा स्मार्टफोन, हेडफोन र मोबाइल चार्जरको आयातमा मात्र मुलुकबाट करीब रु साढे ३१ अर्ब बाहिरिएको थियो । भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क अनुसार नेपालले बढी आयात गर्ने वस्तुहरूमा पेट्रोलियम पदार्थ र फलामजन्य वस्तुपछि तेस्रो स्थानमा स्मार्टफोन छ ।

गत आवमा स्मार्टफोन आयातमा मात्र रु २८ अर्ब ६६ करोड ६२ लाख ३५ हजार बराबर बाहिरिएको हो । यस अवधिमा १८ लाख ३९ हजार ३५ सेट स्मार्टफोन नेपाल भित्रिएका थिए । स्मार्टफोनको आयात सरकारले रु पाँच अर्ब ३३ करोड ९४ लाख बराबर भन्सार राजस्व उठाएको पनि विभागको तथ्याङ्कबाट देखिन्छ । गत आवमा रु एक अर्ब ४२ करोड ९० लाख ८५ हजार बराबरको १७ लाख ५८ हजार ६९० सेट टेलिफोन आयात भएका थिए ।



त्यस्तै, हेडफोन आयातमा मात्र रु ६५ करोड ९३ लाख २८ हजार विदेशिएको थियो । एक वर्षमा २९ लाख ९६ हजार २२९ वटा हेडफोन आयात गर्दा सरकारले रु २१ करोड नौ लाख २३ हजार भन्सार राजस्व सङ्कलन गरेको थियो ।

गत आवमा मोबाइल चार्जर रु ५० करोड ७१ लाख ६३ हजार बराबरका ४३ लाख ८२ हजार ८३९ वटा आयात भएका थिए । चार्जर आयातबाट मात्र रु १५ करोड ५७ लाख १० हजार राजस्व सङ्कलन भएको थियो । गत आवमा रु ३५ करोड ५१ लाख ४८ हजार बराबरका दुई लाख ३९ हजार ६६९ वटा स्मार्टवाच आयात भएका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण-पूर्वी एशियामा हेपाटाइटिस सङ्क्रमणको रोकथाम आवश्यक

नयाँ दिल्ली, १२ साउन/एएनआई

विश्व स्वास्थ्य सङ्गठनले शनिवार दक्षिण-पूर्वी एशियाली मुलुकलाई बढ्दो हेपाटाइटिस 'बी' र 'सी' सङ्क्रमणको रोकथाम र उपचारका लागि विश्वव्यापी पहुँच आवश्यक रहेको बताएको छ।

हेपाटाइटिसको रोकथाम र उपचार सम्भव भएपनि यसको दीर्घकालीन सङ्क्रमणले दक्षिण पूर्वी एशियाली क्षेत्रमा कलेजोको क्यान्सर र 'कलेजो फेल' जस्ता गम्भीर रोगले मृत्यु निम्त्याइरहेको डब्ल्युएचओको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिका अनुसार पछिल्लो समय यस क्षेत्रमा कलेजोको क्यान्सर मृत्यु निम्त्याउने चौथो ठूलो कारण बनेको छ। हेपाटाइटिस 'बी' र 'सी' सङ्क्रमणले यस क्षेत्रको लगभग ७५ प्रतिशत मानिसहरूको कलेजो फेल हुने गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

सन् २०२२ मा यस क्षेत्रका ७०.५ मिलियन मानिसले भाइरल हेपाटाइटिस 'बी' र 'सी' सङ्क्रमण सामना गरिरहेका थिए।

विश्वव्यापीरूपमा हेपाटाइटिस 'बी' र 'सी'ले प्रतिदिन तीन हजार ५०० को मृत्यु हुने र प्रत्येक दिन छ हजार हेपाटाइटिसका नयाँ सङ्क्रमित भेटिने गरेका छन्।

कोभिड-१९ पछि सन् २०२२ मा सङ्क्रामक रोगहरूमा भाइरल हेपाटाइटिस र क्षयरोग मृत्युको दोस्रो प्रमुख कारण बनेको छ। यद्यपि प्रारम्भिक उपचारबाट हेपाटाइटिस 'बी' र 'सी' सङ्क्रमण नियन्त्रण गर्न सकिने डब्लुएचओले जनाएको छ।

डब्लुएचओका अनुसार दक्षिण-पूर्वी एशियामा हेपाटाइटिस 'बी' र 'सी' परीक्षण र उपचारको पहुँच कम छ। हेपाटाइटिस सङ्क्रमणबाट विशेषतः नवजात शिशु र बालबालिकाहरू उच्च जोखिममा छन्।

"भाइरल हेपाटाइटिस यस दशकको प्रमुख जनस्वास्थ्य चुनौती हो। तर जनस्वास्थ्यको दृष्टिकोण र स्वास्थ्य क्षेत्रमा विश्वव्यापी लगानीको वृद्धिले सन् २०३० सम्ममा भाइरल हेपाटाइटिसको उन्मूलन सम्भव छ," डब्लुएचओका क्षेत्रीय निर्देशक साइमा बाजेदले बताइन्।

"आज जीवन बचाउनु र भावी पुस्ताको स्वास्थ्यको रक्षा गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो," उनले भनिन्।

## इजरायली सेनाद्वारा गाजामा पुनः निकासीको आदेश

गाजा (प्यालेस्टिन) १२ साउन/एएफपी

गत बुधवार पाँचवटा इजरायलीको शव बरामद गरेसँगै इजरायली सेनाले शनिवार दक्षिणी गाजाको खान युनिस शहरका बासिन्दालाई उक्त स्थान खाली गर्न आदेश जारी गरेको छ।

इजरायली सेनाले गत सोमवारबाट यस क्षेत्रमा कारबाई शुरू गरेदेखि लडाइँका कारण एक लाख ८० हजारभन्दा बढी प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

प्यालेस्टिनी क्षेत्रमा बिग्रँदो स्वास्थ्य र सरसफाइको अवस्था रिपोर्ट गर्दै राष्ट्रसङ्घले बढ्दो द्वन्द्व र बारम्बारको निकासीले सहायता कार्यलाई अस्थिर बनाएको उल्लेख गरेको छ।

सुरक्षित मानवीय क्षेत्रसहित खान युनिस क्षेत्रमा सेनाले बासिन्दालाई निकासी चेतावनी दिएपछि स्वास्थ्य मन्त्रालयले सोमवार खान युनिसमा इजरायली कारबाईमा ७० जनाको मृत्यु हुनुका साथै दुई सयभन्दा बढी घाइते भएको जनाएको छ।

सुरुआती समयमा तीव्र लडाइँ भएको त्यस क्षेत्रबाट इजरायलतर्फ रकेट फायर रोक्ने कार्य गर्ने जनाउँदै सेनाले निकासी आदेश दिएको हो।

खान युनिसका बासिन्दालाई शनिवार अल-मवासीको समायोजित मानवीय क्षेत्र खाली गर्न दिएको यो सेनाको दोस्रो आदेश हो।

प्रत्यक्षदर्शी र उद्धारकर्ताहरूले शुक्रवार पूर्वी खान युनिस वरपर लडाइँ जारी रहेको र शहरको नासेर अस्पतालमा चिकित्सकले दक्षिणी प्रान्तका विभिन्न भागहरूबाट कम्तीमा १६ जनाको शव उद्धार गरेको बताएका छन्। रासस

## राष्ट्रपतीय निर्वाचनमा कमला ह्यारिसको उम्मेदवारी घोषणा

वाशिङ्टन डिसी, १२ साउन/एएनआई

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो उम्मेदवारीको आधिकारिक घोषणा गरेकी छन्।

"आज मैले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि आधिकारिकरूपमा मेरो उम्मेदवारी घोषणा गर्ने फारामहरूमा हस्ताक्षर गरेकी छु। म हरेक मत कमाउन कडा मेहनत गर्नेछु र नोभेम्बरमा हाम्रो जीत हुनेछ," ह्यारिसले आफ्नो पोस्टमा भनेकी छन्।

नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावमा उपराष्ट्रपति कमला ह्यारिसलाई डेमोक्र्याटिक पार्टीले आफ्नो उम्मेदवारको रूपमा समर्थन जनाएको छ।

यस अघि शुक्रवार पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिकी राष्ट्रपति पदका लागि कमला ह्यारिसलाई सार्वजनिकरूपमा समर्थन गरेका थिए। ओबामाले आफू र अमेरिकाकी पूर्व प्रथम महिला मिशेल ओबामाले नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा ह्यारिसको जीत सुनिश्चित गर्न आफूले सक्दो सहयोग गर्ने बताए।

यस हप्ताको शुरूमा ओभल अफिसबाट राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले कमला ह्यारिसलाई महान् उपराष्ट्रपतिको रूपमा सम्बोधन गरेका थिए। "उहाँ अनुभवी हुनुहुन्छ र राष्ट्रपति पदका लागि सक्षम हुनुहुन्छ," बाइडेनले भनेका थिए।

यसबाहेक ह्वाइट हाउसका प्रेस सचिव करिन जिन पियरेले डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका लागि कमला ह्यारिसभन्दा योग्य अरू नभएको बताएका थिए। रासस



### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सुयश | वृष | बेचैनी |
| मिथुन | मनोरञ्जन | कर्कट | सफलता |
| सिंह | राज्यभय | कन्या | वादविवाद |
| तुला | यात्रालाभ | वृश्चिक | शत्रुभय |
| धनु | कार्यनाश | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**गोकर्णेश्वर महादेव मन्दिर:** काठमाडौं गोकर्णेश्वर नगरपालिका-४ मा स्थित गोकर्णेश्वर महादेव मन्दिरमा शनिवार दर्शन तथा पूजा गर्न आएका भक्तजनहरू। तस्बिर: हरिराम भेटुवाल/रासस

## काठमाडौं-तराई/मधेस द्रुतमार्ग
## जग्गा अधिग्रहणको प्रतीक्षामा नेपाली सेना

काठमाडौं, १२ साउन/रासस

राष्ट्रिय गौरव एवं रणनीतिक महत्त्वको काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) सडक आयोजना निर्धारित समयमैं सम्पन्न गर्नेगरी निर्माणलाई तीव्र गतिमा अघि बढाइएको छ। नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सो आयोजनाको हालसम्म ३५ दशमलव ३८ प्रतिशत भौतिक र ३६ दशमलव ६६ प्रतिशत वित्तीय प्रगति भएको छ।

निर्धारित समयमैं निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको सेनाले जनाएको छ। द्रुतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ। आयोजनालाई १३ वटा प्योकजमा छुट्याएर निर्माण थालिएको थियो। ती प्याकेजमध्ये द्रुतमार्गको छ दशमलव पाँच किलोमिटरदेखि ७० दशमलव ९७ किलोमिटरसम्मका विभिन्न १० वटा प्याजेकमा धमाधम काम भइरहेको आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेलले जानकारी दिए।

प्याकेज नं ११ अन्तर्गत खोकना इलाकाको ० किमीदेखि छ दशमलव पाँच किमीमा द्रुतमार्गको शुरू बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधानपश्चात् खरीद प्रक्रिया शुरू गर्नेगरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ। आयोजनाको ९५ प्रतिशत प्याकेज कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छन्।

**तीन सुरुङ निर्माणाधीन**

परिमार्जित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार छमध्ये तीनवटा सुरुङ निर्माण भइरहेका छन् भने अन्य तीनवटा सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य जारी छ। निर्माणाधीन तीनवटा सुरुङमार्गको लम्बाइ छ दशमलव ६६९ किमीमध्ये पाँच दशमलव ५२८ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भएका छन्।

तीन दशमलव ३२२ किमीको निजगढ-काठमाडौंतर्फको महादेवटार सुरुङ हालसम्म दुई दशमलव ०२९ किमी तथा तीन दशमलव ३८६ किमीको काठमाडौं-निजगढतर्फ दुई दशमलव २८८ किमी सुरुङ खनिसकिएको छ। सो सुरुङ यसै वर्ष सम्पन्न गर्नेगरी राति पनि काम भइरहेको सेनाले जनाएको छ।

निजगढ-कामाठाडौंतर्फको एक दशमलव ६५३ किमी धेद्रे सुरुङ गत जेठ ११ गते ब्रेकथ्रु भइसकेको छ भने एक दशमलव ७२८ किमीको काठमाडौं-निजगढ सुरुङ यही महीनामा ब्रेकथ्रु गर्ने तयारी छ। लेनडाँडामा रहेको निजगढ-काठमाडौंतर्फको एक दशमलव ६१२ किमी र काठमाडौं-निजगढतर्फको एक दशमलव ६३३ किमी सुरुङ यस अघि नै खनिसकिएको छ।

आयोजना अन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ वटा पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनको चरणमा रहेका छन्। बाँकी चारवटा पुल खोकना क्षेत्रमा रहेका छन्। सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ।

निर्माणाधीन अधिकांश पुलको जमीनमुनि (फाउन्डेशन)को काम सम्पन्न भई जमीनमाथिका काम भइरहेको छ। द्रुतमार्गमा ८१ मिटर अग्लो पुल निर्माण हुनेछन्। हालसम्म पाँच स्थानका पुल निर्माण भइसकेका छन्।

**जग्गा अधिग्रहणमा ढिलाइ**

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणको काममा ढिलाइ हुँदा निर्माण प्रभावित भएको छ। आयोजनाका लागि करीब १७ हजार ६५१ रोपनी जग्गा आवश्यक पर्नेछ। त्यसमध्ये पाँच हजार ४८७ रोपनी व्यक्तिको जग्गा हो।

हालसम्म चार हजार ८११ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने ३९४ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ। खोकना-बुङ्मती खण्डमा २०६ रोपनी जग्गाको मुआवजा वितरण भएको छैन।

आयोजना निर्माणबाट वातावरणीय क्षति हुन नदिन पर्याप्त सजगता अपनाइएको सेनाले जनाएको छ। आयोजना क्षेत्रमा हालसम्म ३१ हजार ७४३ वटा रूख काटिएका छन्। ती रूखको सट्टामा सात लाख पाँच हजार ५५२ वटा बिरुवा रोपिएका छन्।

**सुरुङ र पुल मात्र २३ किलोमिटर**

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमलव ९७७ किलोमिटर छ। द्रुतमार्ग पहाडी भूभागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ।



द्रुतमार्गमा १० दशमलव ३०९ किमी लम्बाइका छवटा सुरुङ बन्नेछन्। आयोजना अन्तर्गत देवीचौरमा एक किमी, सिसौटारमा शून्य दशमलव ३९ किमी, चन्द्राम भीरमा दुई दशमलव २५ किमी, महादेवडाँडामा तीन दशमलव ३५५ किमी, धेद्रेमा एक दशमलव ६९१ र लेनडाँडामा एक दशमलव ६२३ किमी लामो सुरुङ निर्माण हुनेछन्।

सो सडकका विभिन्न स्थानमा १२ दशमलव ८८५ किमी लम्बाइका ८९ वटा पुल निर्माण हुनेछन्। बुदुनेमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछन्।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णय अनुसार सो आयोजना

(बाँकी अन्तिम पातामा)

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# एक वर्षभित्रै ठोस परिणाम निकाल्ने योजना छ -सञ्चारमन्त्री गुरुङ

प्रस, वीरगंज, १२ साउन/

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारलाई असफल हुने छुट नभएको प्रस्ट बटमलाइन रहेको बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ, कास्कीले




शनिवार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री गुरुङले सबै विकल्प सकिएपछि संसद्को पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार बनाइएको प्रस्ट पारे ।

उनले वर्तमान सरकारले एक वर्षभित्रमा परिवर्तनको अनुभूति हुनेगरी काम गर्ने बताए । उनले भने, "देशलाई अघि बढाउनु छ । जनतामा छाएको निराशा चिरेर उत्साहित बनाउनु छ । त्यो गर्ने भनेको कामबाटै हो । त्यस कारण देश बनाउने अठोटसहित गठन भएको वर्तमान सरकारलाई असफल हुने छुट छैन ।" प्रधानमन्त्रीले पनि यस विषयमा हामीलाई स्पष्ट दिशानिर्देश गरेको उनले बताए ।

मन्त्री गुरुङले राजनीतिक स्थायित्वसहित सुशासन र विकासको गतिलाई तीव्रता दिन संसद्का दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमाले मिलेर सरकार बनाएको बताए । संसदीय अभ्यासमा प्रमुख दुई ठूला दलको सरकार विरलै बन्ने गर्छ । देशलाई अघि बढाउन मिल्नै पर्ने बाध्यात्मक अवस्थामा मात्रै दुई ठूला दल मिलेर सरकार बनाउनुपर्ने अवस्था हुन्छ । विगतमा पनि त्यही भयो । अहिले पनि हामीले यसलाई अन्तिम विकल्पका रूपमा प्रयोग गरेका हौं, उनले प्रस्ट्याए ।

उनले अहिलेको सरकार पनि असफल भए जनतामा चरम निराशा छाउने भएकोले कामको परिणाम ल्याउनै पर्ने अन्तिम विकल्पमा आफूहरू रहेको दाबी गरे । यो सरकार पनि असफल भए मूलधारका पुराना राजनीतिक दलप्रतिको जनविश्वास टुट्छ । जनतामा बाँकी रहेको आत्मबल पनि सकिन्छ । त्यसैले अहिले रमाउने होइन, काम गरेर परिणाम दिने हो भन्ने साझा अठोट प्रधानमन्त्रीले गराएको उनको भनाइ थियो ।

कार्यक्रम नेपाल पत्रकार महासङ्घ, कास्कीकी अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा भएको थियो ।

## पटेर्वासुगौली गाउँपालिकामा आँखा शिविर



प्रस, पंचगावाँ, १२ साउन/

पटेर्वासुगौली गाउँपालिका–४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दापमा शनिवार आँखा शिविर सम्पन्न भएको छ ।

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको आयोजनामा वीरगंज सामुदायिक आँखा केन्द्र र तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न भएको शिविरमा १४० जनाको आँखा चेकजाँच गरी औषधि प्रदान गरिएको सामुदायिक आँखा केन्द्रका स्वास्थ्य संयोजक महेश सिंह धामीले बताए ।

शिविरमा आँखा परीक्षण गरिएकामध्ये ४७ जनामा मोतीबिन्दु फेला परेको प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताए । शिविरमा स्वास्थ्यकर्मीहरू प्रभात चौरसिया, मुस्कान श्रेष्ठ, अपसा अन्सारीलगायतले आँखा परीक्षण गरेका थिए ।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- खानेपानीको मुहान तथा स्रोतलाई गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं,
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय–समयमा सफा गरौं,
- पानी टङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## शिक्षाको क्षेत्रमा स्थानीय तह असफल -डा सिंह

प्रस, वीरगंज, १२ साउन/

शिक्षामा मधेस प्रदेश निकै पछाडि रहेकोले स्थानीय तहबाट शिक्षालाई हटाउनुपर्ने समय आएको नेपाल चिकित्सक सङ्घका मधेस प्रदेश संयोजक डा नीरजकुमार सिंहलले बताएका छन् ।

पब्लिक ब्रोडकास्टिङ नेटवर्कले शनिवार आयोजना गरेको कार्यक्रममा संयोजक डा सिंहले शिक्षा ठीक भए स्वास्थ्य आफैं ठीक हुने बताए । उनले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतीजाले स्थानीय तह शिक्षाको सवालमा असफल भएको बताउँदै उनले दक्ष जनशक्ति निर्माणका लागि जरा मजबूत पार्नुपर्ने बताए ।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको मानसिक विकासमा सहयोग पुर्‍याउने बताए ।

नेटवर्क्सका निर्देशक रञ्जीत पण्डितको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण राजेन्द्र सिंह र कन्हैया पटेलले गरेका थिए ।









**काठमाडौं ...**

निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बाराको निजगढमा शिलान्यास गरेका थिए ।

सरकारले २०७४ साउन २७ गते सडक विभागबाट सेनालाई आयोजना हस्तान्तरण गरेको थियो । सोही वर्षको मङ्सिरदेखि सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको 'ट्र्याक' निर्माण प्रारम्भ भएको थियो । विसं २०७५ चैतमा अन्तर्राष्ट्रिय परामर्शदाता सोसुङ इन्जिनीयरिङ एन्ड कन्सल्टिङले तयार गरेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) २०७६ मा स्वीकृत भएको थियो । विसं २०८० साउन ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत भएको थियो ।

# खेलकूदको संसार

## परवानीपुर गोल्डकपको आय–व्यय सार्वजनिक

प्रस, वीरगंज, १२ साउन/

परवानीपुर गोल्डकप फूटबल प्रतियोगिताको तेस्रो संस्करणको शनिवार आय–व्यय प्रस्तुत भएको गरिएको छ ।

परवानीपुर गाउँपालिका कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा आयोजक शक्ति युवा क्लबको तर्फबाट तेस्रो परवानीपुर गोल्डकप फूटबल प्रतियोगिताका संयोजक सुबोध श्रीवास्तवले प्रतियोगितामा भएको आम्दानी र खर्चको हिसाब




प्रस्तुत गरेका थिए ।

उनले गत चैत ३ देखि १० गतेसम्म सञ्चालित प्रतियोगितामा कुल रु १८ लाख छ हजार आम्दानी भएको बताए । सोमध्ये प्रतियोगितामा रु ११ लाख ११ हजार खर्च भएको जानकारी गराए ।

उनले प्रतियोगितामा सहयोगका लागि वाचा गरेका संस्थाहरूसँग पाँच लाख ६१ हजार रकम प्राप्त हुन बाँकी रहेको र अहिले बैंकमा एक लाख ३४ हजार मौज्दात रहेको बताए ।

संयोजक श्रीवास्तवले प्रतियोगितामा स्थानीय निकाय, विभिन्न सङ्घसंस्था, सामाजिक क्षेत्रका व्यक्तिहरूबाट सहयोग प्रदान भएर प्रतियोगिताको सफल आयोजन भएको बताए ।

प्रतियोगिताका संहसयोजक दीपक यादवले आगामी दिनमा पनि पारदर्शीरूपमा प्रतियोगिता आयोजना गरी आय–व्यय सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइने बताए ।

कार्यक्रममा परवानीपुर गापा अध्यक्ष रामक्षत्री कुर्मीले प्रतियोगिताको आय–व्यय सार्वजनिक गरेर क्लबले आर्थिक पारदर्शिता देखाएकोमा क्लबको प्रशंसा गरे ।

एमालेका नेता रामपाल यादवले युवाहरूले खेल क्षेत्रमा देखाएको जागरूकताको प्रशंसा गरे ।

समाजसेवी सोचन यादवले प्रतियोगितामा भएको आम्दानी र खर्च पारदर्शी गरेकोमा आयोजकलाई धन्यवाद दिए ।

शक्ति युवा क्लबका अध्यक्ष राजमहमद मियाँको अध्यक्षतामा भएको कार्यक्रममा विजय गुप्ता, नागमणि उपाध्याय, रामेश्वर महतोलगायतले पनि मन्तव्य व्यक्त गरेका थिए ।

## दक्षिण कोरियासँग माफी आइओसीले माग्यो

सियोल, १२ साउन/एएफपी

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली खेलाडीलाई उत्तर कोरियाली भनेर गलत परिचय गराइएकोमा शनिवार माफी मागेको छ ।

फ्रान्सको राजधानीमा आयोजित ओलम्पिकको उद्घाटनमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाको आधिकारिक नामले परिचय गराइएको थियो ।



"उद्घाटन समारोहका क्रममा दक्षिण कोरियाली टोलीको परिचय गराउँदा भएको गलतीका लागि हामी माफी माग्छौं," आइओसीले बताएको छ ।

आइओसीको यस त्रुटिले दक्षिण कोरियामा अप्रसन्न प्रतिक्रियाहरू निम्त्याएको छ ।

"सन् २०२४ पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाली टोलीको रूपमा प्रस्तुत गरिएकोमा खेद व्यक्त गर्दछौं," दक्षिण कोरियाको खेलकूद मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

देशको उपखेलकुदमन्त्री जाङ मि–रानले यस विषयमा छलफल गर्न आइओसी प्रमुख थोमस बाखसँग छलफल गर्ने बताएका छन् ।

दक्षिण कोरियाको राष्ट्रिय ओलम्पिक कमिटीले पनि पेरिस ओलम्पिक आयोजक समिति र आइओसीसँग भेट गरेर यस्तो गलतीको पुनरावृत्ति रोक्न अनुरोध गर्ने र आफ्नो प्रतिनिधिमण्डलका प्रमुखको नाममा आधिकारिक विरोधपत्र पठाउने योजना बनाएको सियोलको खेल मन्त्रालयले जनाएको छ ।

## सिम्रौनगढमा वृक्षारोपण

प्रस, सिम्रौनगढ, १२ साउन/



सिम्रौनगढ नगरपालिकाको कङ्कालीमाई मन्दिर परिसर र छठघाटनजीक शनिवार वृक्षारोपण गरिएको छ । कङ्कालीमाई मन्दिर व्यवस्थापन समिति सिम्रौनगढको आयोजना भएको वृक्षारोपण कार्यक्रम कङ्कालीमाई मन्दिर परिसर र छठघाटमा आँपका ४० वटा बिरुवा रोपिएको थियो । कङ्कालीमाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रजापतिले आँपका बिरुवा रोपेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

यसैबीच वडाध्यक्ष नन्दकिशोर जयसवालले नगरप्रमुख किशोरीप्रसाद कलवारलाई पाँच बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका छन् । जसमा कङ्कालीमाई मन्दिर परिसरमा विवाह भवन निर्माण, चापाकल, शौचालय र कङ्काली पोखरीमा जलविहार गर्न स्टीमरलगायतको व्यवस्था गरिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छन् । कार्यक्रममा पूर्ववडाध्यक्ष शङ्करसाह कानू, समाजसेवी रामजनम कुशवाहा, मदन साह, परमानन्द जयसवाललगायतको सहभागिता थियो ।